# पुस्तक समीक्षा

विजय कुमार । २०७१ । *खुसी* । काठमाडौँ : फाइनप्रिन्ट बुक्स ।

रेडियो र छापामा समेत हात हालेका विजय कुमार मूलतः टेलिभिजन टक शोमा ख्याति प्राप्त व्यक्ति मानिन्छन् । उनको पुस्तक *खुसी* बजारमा आउनुअघि नै मैले केही अपेक्षा राखेको थिएँ । पढ्नुअघिको अपेक्षा र पढेपछिका अनुभूतिलाई यस समीक्षामा समेटिएको छ ।

## पुस्तकप्रति अपेक्षा

"यस्तो पनि प्रश्न हुन्छ ? के प्रश्न सोधेको ? मेरो डिजाइनरको फोन नम्बर तपाईंलाई किन चाहियो ? मैले तपाईंको श्रीमतीको तलब कति हो भनेर सोध्न मिल्छ ?" विजय कुमारले मलाई हप्काए । केही बोल्ने साहस नै जुटाउन सकिनँ । नामी टिभी पत्रकार विजय कुमार, दमदार प्रस्तुतिका कारण प्रख्यात थिए । उनलाई भेट्नु नै मेरा लागि ठूलो कुरा थियो । गिनेचुनेका नेता, अभिनेतालाई प्रश्नले न्याख्न्याख्ती पार्ने पत्रकार विजय कुमारका अगाडि भरखरै स्नातकोत्तरको पढाइ सकेर टुक्रे काम थाल्दै गरेको सिकारु म उभिएको थिएँ । त्यसैले पहिलेदेखि नै अलिकति नर्भस थिएँ । उनको खप्कीले त सातै उडाइदियो ।

सन् २००० को सुरुआततिर मार्टिन चौतारीले सञ्चार गृह र सञ्चारकर्मीबारे डेटाबेस बनाउने काम सुरु गर्दै रहेछ । कृपा, न्यू एरा जस्ता संस्थामा सर्वेक्षणको अनुभव बटुलिसकेको हुनाले मलाई पनि यो लघुपरियोजनामा संलग्न हुने अवसर जुट्यो । मेरो काम थियो काठमाडौँ र अन्य मुख्य सहरका मिडिया हाउसमा गएर सञ्चारकर्मीका नाम, फोन नम्बर लगायतका जानकारी सोधेर प्रश्नावली भर्ने । यो अध्ययनलाई प्रत्यूष वन्त र सीके लालको निर्देशन थियो । 'फोन नम्बर दिन मिल्छ भने दिनुहोस् भनी अनुरोध गर्नू, अनिवार्य भने छैन' उनीहरूले यसै भनेका थिए । यसै सन्दर्भमा प्रश्नावली लिएर *नेपाल* पाक्षिकका सम्पादक विजय कुमारको अगाडि उभिएको थिएँ ।

एकै छिनपछि उनी केही शान्त देखिए । "हेर्नुहोस्, तपाईं मार्टिन चौतारी जस्तो क्रियाशील संस्थाबाट आउनुभएको छ । आफू जान नभ्याए पनि मेरा रिपोर्टरलाई त्यहाँको छलफलमा जान भनिरहेको हुन्छु," भन्दै उनले थपे, "तर

मार्टिन चौतारीले सोध्ने जस्तो प्रश्न भएन यो ।" मैले साहस जुटाएर भनेँ, "डेटाबेसका लागि फोन नम्बर पनि भए राम्रो हो । तर दिनैपर्छ भन्ने होइन । प्रश्नावलीमै पनि ऐच्छिक लेखिएको छ ।" त्यसपछि "फोन नम्बर राख्दिनँ । प्रश्नावली भरेर पछि दिउँला," भन्दै उनले कुरो टुंग्याए ।

अर्को एउटा प्रसंग सन् २००४ को हो । त्यति बेला सोसल साइन्स बहाःले सञ्चालन गर्ने चार महिने इमर्सन कोर्सको विद्यार्थी थिएँ । हरेक हप्ता नेपाली समाजका विविध क्षेत्रका हस्तीमध्ये एकले कक्षा लिन्थे । मिडिया कक्षा कुन्द दीक्षितको थियो । उनको कक्षामा एक दिन नेपाली पत्रकारिताबारे छलफल गर्न विजय कुमार पाण्डेलाई ल्याइयो । "मलाई व्यक्तिगत प्रश्न सोध्न पाइँदैन," विजयले सुरुमै भने । "मैले उत्तर दिँदा 'म' भनेर उत्तर दिन नपरोस्" उनले थपे । व्यक्तिगत शब्दले टेलिभिजनमा उनको अनुभवलाई पनि समेटेको उनले प्रस्ट्याए । टेलिभिजनका सैद्धान्तिक कुरा थोरै र उनका गुरु रिम्पोचे अनि जगतको सत्यताबारे दार्शनिक कुरा धेरै गरेर प्रस्तुति सके । प्रश्नलाई प्रोत्साहन नगरिएको बुझेपछि धेरैजसोको जाँगर मरिसकेको थियो, एक दुई जनाले सोधेको प्रश्न व्यक्तिगत भयो भनी टारे ।

सन् २००६ को कुरा । मार्टिन चौतारीको मिडिया अनुसन्धान समूहले नेपाली पत्रकारिताका ख्याती प्राप्त व्यक्तिसँग अन्तर्वार्ता गरी *मिडिया संवाद* पुस्तक छाप्ने निर्णय गर्‍यो र त्यसको जिम्मेवारी मैले पाएँ । अन्तर्वार्ताका लागि मानिसको छनोट सूचीमा विजय कुमार नपर्ने कुरै भएन । मेरा एक मित्र पाहुनाको रूपमा *दिशानिर्देश* कार्यक्रममा अन्तर्वार्ताका लागि जाँदै थिए । उनैमार्फत पाण्डेकहाँ कुरो पुर्‍याएँ । "मेरो अन्तर्वार्ता सेलेबल चिज हो । मैले अन्तर्वार्ता दिने हो भने त्यसलाई पैसा तिरेर प्रसारण गर्न या छाप्न चाहनेको भीड लाग्छ यहाँ ।" उनले भनेछन्, "म जो पायो उहीलाई कहाँ अन्तर्वार्ता दिन्छु र ?" उनको जवाफ सुनेर म अवाक् भएँ । नेपाली टेलिभिजन प्रसारणका अग्रज पत्रकारको अनुभव जान्ने रहर त्यति बेला पनि त्यसै सेलायो ।

अर्को एउटा सन्दर्भ पनि छ सन् २००७ तिरको । मार्टिन चौतारीमा मिडिया अनुसन्धान समूहले हरेक बिहीबार मिडियासम्बन्धी छलफल शृंखला चलाउँदै आएको थियो । सोही शृंखलाका लागि मैले विजय कुमारलाई मितिसमेत तोकेर वक्ता बन्न प्रस्ताव गरेँ । उनले त्यो बिहीबार नभ्याउने जवाफ दिए । तर मैले त्यत्तिमै उम्कन दिइनँ । "दाइ, जुन बिहीबार भ्याउनुहुन्छ, त्यो तपाई नै छान्नुहोस्," मैले छनोट खुला पारेँ । टार्नलाई उनले भ्याउँदिनँ भनेका रहेछन् । "आउन त म यही बिहीबार पनि सक्छु तर मलाई प्रश्न गर्न भने पाइन्न" उनले

बल्ल खुलेर बोले, "मेरो प्रस्तुतिपछि कार्यक्रम सकिनु पर्छ ।" उनको कुराले अचम्मै पाऱ्यो । प्रश्नोत्तरबिना अन्तर्क्रिया कार्यक्रमको तुक थिएन । तसर्थ उनको सर्त मान्न सक्ने कुरै भएन । प्रश्नका कुशल खेलाडीको प्रश्नसँगको वितृष्णा मैले पटक्कै बुझ्न सकिनँ ।

यी सबै घटनामा लेखकले प्रश्नलाई उपेक्षा गरेका थिए । कसैलाई मौन बस्न मन छ भने त्यो उसको व्यक्तिगत स्वतन्त्रता हो । तर विजय कुमार त्यस्ता आममानिस होइनन् । उनले त प्रश्न सोधेर थुप्रैलाई रुवाएका र हँसाएका छन् । प्रश्नको प्रहारले अर्काको संवेदना भत्काउने मान्छे प्रश्नबाट भागेको मलाई स्वाभाविक लाग्दै लागेन । प्रश्नप्रति उनको तर्साइ र तर्काइ प्रश्नको खेती गरी हिँड्ने उनीजस्ता पत्रकारलाई सुहाउने कुरा हो त ? यो मैले जवाफ पाउन नसकेको प्रश्न थियो ।

विजय कुमार पाण्डेको वैयक्तिक जीवनका लय जान्ने कुनै लालसा ममा थिएन । नेपाली टेलिभिजन प्रसारणको क्षेत्रमा विजय कुमार निःसन्देह एक धरोहर हुन् । उनले *आठबजे, अँध्यारो-उज्यालो, प्रतिक्रिया, समयचक्र, दिशानिर्देश, मेरो जिन्दगी मेरो विश्वास* जस्ता कार्यक्रमहरू सञ्चालन गरेका थिए । *दिशानिर्देश* आफ्नो समयमा लोकप्रिय कार्यक्रम रह्यो । यसलाई नेपाली सन्दर्भमा अन्तर्क्रिया कार्यक्रमको ट्रेन्ड सेटर भन्दा अर्घेलो हुँदैन । उनीबाट पछिल्लो पुस्ताले सिक्नुपर्ने चिज धेरै छन् । यस्ता कार्यक्रम उत्पादन र प्रसारणका विभिन्न आयामबारे सवालजवाफ गर्दा नेपाली पत्रकारिता जगतले लाभ लिन सक्थ्यो, नोक्सान उनलाई पनि थिएन । तर प्रश्नैप्रश्नको पहाडमा उभिएका यी प्रश्नसम्राट किन हाम्रा भिना प्रश्नदेखि भागिरहे ? यो जिज्ञासाको जवाफ पाएको थिइनँ ।

उनको पुस्तक आउँदैछ भन्ने थाहा पाएपछि उनको पत्रकारिता अनुभूति जान्ने तृष्णा पुनः जागृत भयो । सामाजिक सञ्जाल र अन्य मिडियामा उनले भनेको देखेँ, "सारा जीवन प्रश्न सोधेँ, अब उत्तर दिन चाहन्छु ।" उनको उत्तर मेरो चासोको विषय थियो ।

## पुस्तक हेरेपछि

विभिन्न २९ शीर्षकमा विजय कुमारका आफ्ना अनुभूति र विचार *खुसी*मा छरिएका छन् । यहाँ पत्रकारितासम्बन्धी उनको अनुभवबारे केही चर्चा छ । राजा, राष्ट्रपति, प्रधानमन्त्री र उद्योगपतिसँग पनि संगत या सम्बन्ध भएका व्यक्ति हुन् विजय कुमार । उनीहरूसँग बिताएका पललाई यस पुस्तकमार्फत सम्झिएका

छन् । अत्यधिक मदिरा सेवनको लत (अल्कोहोलिज्म) बाट गुज्रेका दिन र पछि त्यसबाट पाएको मुक्तिको वर्णन उनले आकर्षक पारामा इमानदार भएर गरेका छन् ।

विषयवस्तुको प्रस्तुतिमा निहित प्रवाह, विम्ब र मिठासको समिश्रणले पुस्तकको पठनीयता बढाएको छ । विषयवस्तुको विविधताले पुस्तक पढ्दा रमाइलो अनुभूति हुन्छ । यद्यपि यो पुस्तक खासमा के हो भन्न चाहिँ गाह्रो छ । यसमा अनुभव छ, दर्शन छ, आध्यात्म चिन्तन छ । बेलाबेलाको उपदेशले पाठकलाई नैतिक शिक्षाको पुस्तक समाएझैँ पनि लाग्छ । कथानक प्रस्तुतिको कलाले आख्यानको पुस्तक जस्तो पनि लाग्छ । पछिल्लो कालखण्डको नेपाली पत्रकारिताबारे लेखाजोखा गर्ने क्रममा केही प्रकाशक र सम्पादकसँगको सवाल जवाफ पुस्तकमा प्रस्तुत गरेका छन् । यसले अन्तर्वार्ता पुस्तकको झलक दिन्छ । यसप्रकार पुस्तक विषयवस्तु र प्रस्तुतिको शैली दुवैमा क्वाँटी जस्तो देखिन्छ । धेरै विषय छोइएको छ तर कुनैलाई पनि गहिरो गरी केलाइएको छैन । अब पुस्तकका अन्तर्वस्तुबारे केही चर्चा गरौँ ।

## *नेपाली पत्रकारिता*

विभिन्न सञ्चार गृहमा काम गर्दा नेपाली पत्रकारितालाई नजिकबाट हेर्ने मौका पाएका विजय कुमारले यसको विभिन्न आयामको केही लेखाजोखा यस पुस्तकमा गरेका छन् । यद्यपि उनको पत्रकारिता जीवनको लामो अनुभवको तुलनामा पत्रकारिताबारेको प्रसंग न्यून लाग्छ ।

**सरकारी टेलिभिजन :** नेपाल टेलिभिजनमा प्रारम्भिक तालिममा सहभागी हुने छनोटमा नै अयोग्य ठहरिएका विजय कुमारले त्यसको केही महिनामै नेपाल टेलिभिजनमै सबैभन्दा बढी पैसा लिएर कार्यक्रम बनाउन थाले । पञ्चायतकालमा सत्ताधारी नेताको विशेष चलखेल हुन्थ्यो नेपाल टेलिभिजनमा । यस्तो चलखेलमा दरबार पनि अर्को खेलाडी थियो । विजय कुमारले त्यहाँको विसंगतिपूर्ण माहोलको उदाहरणसहित वर्णन गरेका छन् । उनी भन्छन्, "मैले कति पटक नेपाल टिभी ज्वाइन गरेँ र छोडेँ, यकिन सम्झिन्नँ" (पृ. ६८) ।

राष्ट्रिय पञ्चायतमा विमलमान सिंहको कमजोर अभिव्यक्ति शैलीबारे टिभी रिपोर्ट बजाउँदा तत्कालीन सञ्चारमन्त्री हरिबहादुर बस्नेतलाई चित्त बुझेन । मन्त्रीको दबाबमा निर शाहले उनको कार्यक्रम *आठबजे* बन्द गरिदिए । उनको जागीर पनि गयो । केही समयपछि मन्त्रीको पद गयो अनि निर शाहले नयाँ

शीर्षकको कार्यक्रम *प्रतिक्रिया*का लागि पुनः बोलाई उनलाई करार दिए । वि.सं. २०४३ ताका तत्कालीन रानी ऐश्वर्यसँगको एक भेटमा विजय कुमारले धेरैबेर कुरा गरेको चिरन शमशेर लगायतका व्यक्तिलाई मन परेको थिएन । यसैले उनलाई टेलिभिजनबाट निर शाहमार्फत निकालिएको थियो । तर शाही पार्श्ववर्ती ताराबहादुर थापाले उनलाई थमौती गरिदिए । यी प्रसंगले त्यस बेलाको काम गर्ने हचुवा रवैया उजागर गर्छन् । यी त भए पञ्चायतकालीन उदाहरण । त्यसपछिका उदार शासन व्यवस्थामा पनि नेपाल टेलिभिजनले निश्चित प्रणालीमा आफूलाई हुर्काउने अवसर पाएन भन्ने उनको अनुभव रहेछ ।

प्रजातन्त्रकालमा *शनिबार विजय कुमारसित* नामक कार्यक्रमलाई व्यक्तिको नाममा चलाएको आरोपमा तत्कालीन महाप्रबन्धक तपानाथ शुक्लाले बन्द गरिदिए । तर विजय कुमारले तत्कालीन प्रधानमन्त्रीका सचिव हरि शर्मालाई गुनासो गरे । शर्माले फोन गरिदिएपछि तपानाथ शुक्लाले तुरुन्तै याचक लवजमा “बसेर कुरा गरौँ” भनी विजय कुमारलाई बोलाएछन् । नेपाल गणतान्त्रिक मुलुक बनेपछि माओवादी कोटामा नेपाल टेलिभिजन बोर्डको अध्यक्ष बनेका ऋषिराज बराललले अपमानित पाराले उनको कार्यक्रम हटाइदिए । यी उदाहरणमार्फत देशमा जुनसुकै राजनीतिक व्यवस्था आए पनि नेपाल टेलिभिजन बेथितिबाट मुक्त हुन नसकेको उनको पुस्तकले उजागर गरेको छ । नेपाल टेलिभिजनमा संस्थागतभन्दा व्यक्तिगत निर्णय हावी हुने, दक्ष र सक्षम होइन राजनीतिक पहुँचका व्यक्ति महाप्रबन्धक एवं अध्यक्ष बन्ने, सत्तासिनले निहित स्वार्थका लागि यसलाई दुरुपयोग गर्ने प्रवृत्ति सबै राजनीतिक कालमा देखिन्छ । त्यस्तो प्रवृत्तिले नेतृत्व तहमा असल मान्छे आउने सम्भावना घटाइदिन्छ । विजय कुमार भन्छन्, “हाम्रा नेतालाई सर्जक होइन, आदेशपालक चाहिएको थियो । आदेशपालकलाई सृजना होइन, जागिर चाहिएको थियो । एक हिसाबले जे थियो, ठीकै थियो । जोडी मिलेकै थियो” (पृ. १००) ।

पञ्चायत कालमा सरकारी सञ्चारमाध्यममा स्वतन्त्रता थिएन । निजी माध्यममा पनि सरकारी अंकुश थियो । यद्यपि विवेकीय स्वतन्त्रताको प्रयोग गरी जोखिम उठाउने साहसी पनि थिए । आफूले पनि नेपाल टेलिभिजनमा विवेकीय स्वतन्त्रता प्रयोग गरी जोखिम लिएको र आफ्नो विवेक, निर शाहको साथ र दरबारी सम्पर्कका कारण त्यसो गर्न सम्भव भएको उनको दाबी छ ।

राज्यको टेलिभिजनले यतिका वर्षदेखि हास्यरसमात्रै बोकेका ‘खितखिते’ कार्यक्रमको साटो सकारात्मक सोच बढाउने कार्यक्रमलाई पनि प्रोत्साहन दिएको भए राम्रो हुन्थ्यो भन्ने लेखकको मत छ । नेपाल टेलिभिजनमा हास्यमूलक

हलुका कार्यक्रमले प्राथमिकता पाएको तर ज्ञानबर्द्धक र सूचनामूलक कार्यक्रम भने उपेक्षित रहेको देखिन्छ । राज्यको लगानीमा खुलेको टेलिभिजनले व्यापारिक उद्देश्यमात्र राखेर आफ्नो जिम्मेवारीबाट पन्छिन नमिल्ने हो तर त्यस्तै भइरहेको छ । यति हुँदाहुँदै पनि नेपाल टेलिभिजनमा पहिलाभन्दा पछिल्लो समयमा केही सुधार भएको लेखकले स्वीकारेका छन् । नेपाल टेलिभिजन जनताको पैसाबाट चलेको हुनाले यसलाई सरकारी होइन सार्वजनिक माध्यम बनाइनुपर्छ भन्ने उनको धारणासँग सहमत हुन सकिन्छ ।

**निजी सञ्चारमाध्यम** : नेपाली श्रव्यदृश्य आकाशमा २०५८ सालसम्म नेपाल टेलिभिजनको एकाधिकार थियो । तर त्यसै वर्षदेखि निजी टेलिभिजनको आगमन भयो । विजय कुमारका अनुसार यसले दर्शकलाई मात्र विकल्प दिएन, पत्रकारलाई पनि दियो । एउटामा चित्त नबुझे अर्कोमा गई काम गर्न सम्भव भयो । उनले त्यसै गरे । सरकारी मिडिया (नेपाल टेलिभिजन) को तुलनामा निजी सञ्चार संस्थामा काम गर्दाको अनुभव विजय कुमारले कमै बाँडेका छन् । सरकारी सञ्चार संस्थाका प्रवृत्ति केलाए पनि निजी सञ्चारमाध्यममा हुने असुविधाबारे उनले खासै उल्लेख गरेका छैनन् । यद्यपि काम गर्ने थलोमा "खुराफातीहरूले अविरल बुन्दै जाने झिँजोको काउसो" त प्राइभेटमा पनि हुन्छ भनेका छन् । तर त्यो कस्तो हो भनेर चाहिँ खुलाएका छैनन् । अर्को एक प्रसंगमा निजी टेलिभिजनका साहुजीको सोचाइमा बहसमूलक कार्यक्रममा लगानी र मिहिनेत चाहिँदैन भन्ने सोच हावी रहेको उनले बताएका छन् ।

केही समय छापा पत्रकारितामा बिताए पनि यसबारे उनको आफ्नो भोगाइ एकदमै कम परेको छ । बरु निजी मिडियाका सम्पादक र प्रकाशकसँगको कुराकानीलाई प्रसंग बनाएर उनीहरूकै मुखबाट केही तथ्य भने बाहिर ल्याएका छन् । उदाहरणका लागि, सम्पादक र प्रकाशकको सम्बन्ध भनेको प्रेम र घृणाले भरिएको सम्बन्ध हो; सम्पादकीय मामिलामा प्रकाशकले बढ्ता रुचि राखेको सम्पादकले रुचाउँदैन; प्रकाशकले उँचोकद भएको सम्पादक त खोज्छन् तर सँगसँगै सम्पादकको लोकप्रियताप्रति ईर्ष्यालु पनि हुन्छन्; अचेल ठूला मिडियाका सम्पादक आफ्नो पेसागत अडानमा भन्दा प्रकाशकको खटनमा चल्ने खतरा देखिँदैछ; बिस्तारै प्रकाशकलाई आर्थिक मात्र होइन, राजनीतिक शक्तिको रहर पनि बढ्दैछ; यसले प्रकाशक र नेताको डिनर टेबुल समाचार कक्षमा हावी हुन थाल्छ; जस्ता अरूले उनलाई सुनाएका धारणा पुस्तकमार्फत उनले बाँडेका छन् । यसबारे विजय कुमार आफैले भने कुनै टिप्पणी गरेका छैनन् ।

### *पत्रकारिता कर्म*

विजय कुमारका अनुसार पत्रकारिता उपल्लो स्तरको सिर्जनकर्म होइन । हिजोको समाचार आज बासी भइसक्छ र मानिसले बिर्सन्छन् । मैले जति पाइला हिडैँ, सबै मेट्दै आएँ भने जस्तै हुन्छ पत्रकारको जीवन । त्यसमाथि नेपाली पत्रकार अध्ययनशील नभएकाले यो क्षेत्रले अपेक्षित सफलता हासिल गर्न सकिरहेको छैन भन्ने उनको धारणा छ । पत्रकारको धरातलीय ज्ञान र अध्ययनशीलताबारे उनको सटिक स्वीकारोक्ति यस्तो छ : "आम पत्रकार झैँ म पढ्थैँ थोरै, लेख्थैँ धेरै । म जान्दथैँ थोरै, बोल्थैँ धेरै" (पृ. ३७) । पत्रकारितामा ग्लामर छ । पत्रकारलाई समाजले चिन्दछ । अझ छापामा भन्दा टेलिभिजनमा पत्रकारलाई चिनिन सजिलो छ । साप्ताहिक पत्रिकामा पाँच वर्ष लेख्दा नकमाएको परिचय दुई हप्तामै टेलिभिजनमा पाइएको अनुभव उनले बटुलेका छन् । तर पत्रकारिताका सुरुआती दिनमा यस्तो पहिचानले उत्साह, उमंग दिए पनि एउटा उचाइमा पुगेपछि त्यसलाई ठूलो उपलब्धि मान्न नसकिने उनको राय छ । सामाजिक विकृति र अन्यायविरुद्ध अरूका जति कथा व्यथा लेखे पनि पत्रकार आफै पत्रकारिताको विकृति र आफूमाथि भएको अन्याय विरुद्ध लेख्न सक्दैन । विजय कुमारका अनुसार उमेर छँदा दुनियाको खबर लेख्दालेख्दै आफ्नै घरपरिवार बेघर भएको अनेकौँ उदाहरणले भरिएको छ नेपाली सञ्चार जगत ।

अर्काको गरिबी, विवशता र दुःख बजारमा पस्कनुपर्ने बाध्यतालाई पत्रकारिता पेसाको अँध्यारो पक्ष मान्छन् उनी । यद्यपि सम्बन्धित पात्रलाई सहयोगको वातावरण बनाउनेतर्फ केही गर्न सके सन्तोष मान्न सकिन्छ भन्ने उनको आशय छ । हरेक घटनालाई समाचार बनाउने र हरेक समाचारलाई बिकाउ बनाउने प्रवृत्ति पत्रकारितामा देखिएकोप्रति उनी चिन्ता जाहेर गर्छन् । पत्रकार पहिला एक मानिस हो अनि मात्रै पत्रकार । तर अचेलका पत्रकारले जेलाई पनि समाचार बनाउँछन् जसबाट मानवीय संवेदनाको खिल्ली उडिरहेको हुन्छ । पत्रकारितालाई मानवीय रुचिको बनाउन 'मसला' थपिने गरिन्छ । लेख्दैमा केही हुँदैन, राम्रो लेखे मात्रै केही हुन सक्छ । तर उनी नेपाली छापामा कमसल लेखकले ठाउँ पाएकोमा गुनासो गर्छन् । त्यस्ताको लेख प्रतिभाको बलमा छापिएको होइन, सम्पादकले यस्ता प्रचारलोभी अग्रजलाई शिष्टाचारवश नाइँ भन्न नसकेर हो भन्ने आशय विजय कुमारको छ ।

### *अनुत्तरित केही प्रश्न*

विजय कुमार स्वीकार्छन् : "नेपाल टेलिभिजनमा एक हदको 'सेल्फ सेन्सरसीप' गरेरै कार्यक्रम बनाउँथ्यौँ हामी" (पृ. ९८) । त्यति हुँदाहुँदै पनि नेपाल टेलिभिजनका

हाकिमले 'सेन्सरसीप'को कैंची चलाइदिन्थे रे । यो कहिलेको कुरो भन्ने चाहिँ उनले उल्लेख गरेका छैनन् । सबै राजनीतिक कालखण्डमा यस्तै रह्यो या कुनै निश्चित समयमा भन्ने जिज्ञासा पाठकलाई उठ्छ । सेन्सरमा पर्ने कस्ता विषय हुन्थे भन्ने पनि खुलाइएको छैन । त्यस्तै, निजी च्यानलतर्फ 'सेल्फ सेन्सरसीप' वा 'सेन्सरसीप'को तह कस्तो थियो भन्ने पनि उल्लेख छैन । *नेपाल* म्यागेजिनको उनी संस्थापक सम्पादक हुन् । म्यागेजिन चलाउँदाका चुनौतीबारेमा उनले खासै बोलेका छैनन् । नेपाली पत्रकारितामा क्रियाशील रिपोर्टरको दक्षता कस्तो छ ? तालिमको खाँचो खट्किन्छ कि ? उनले उत्पादन र प्रसारण गर्ने टेलिभिजन बहसमूलक कार्यक्रममा सहभागी बोलाउँदा के आधारमा छनोट गरिन्थ्यो ? प्रश्न कसरी तयार पारिन्थ्यो ? अनुसन्धानमा सघाउने अन्य कोही थिए भने तिनको सहयोग केमा हुन्थ्यो ? सम्बन्धित मिडिया/न्यूजरुमका व्यक्तिसँग पनि समन्वय गरिन्थ्यो कि ? नेपाल टेलिभिजनको काम गराइ राजनीतिक व्यवस्थाअनुसार के कुरामा फरक र समान रह्यो ? उनले एफएम रेडियोमा समेत कार्यक्रम चलाउँथे । टेलिभिजन र एफएम रेडियोको कार्यक्रममा कस्तो भिन्नता हुँदो रहेछ ? पुस्तक पढ्न सुरु गर्दा यी विभिन्न प्रश्नको पनि जवाफको अपेक्षा राखेको थिएँ । तर यी विषयलाई विजय कुमारले उठाएका छैनन् ।

पञ्चायतकालमै अमिताभ बच्चनसँग गरेको अन्तर्वार्तालाई लिएर उनीप्रति नकारात्मक टिप्पणी गरिएको थियो । तथापि उनले यसबारे कहिल्यै बोलेका थिएनन् । यस पुस्तकमा भने त्यस बेलाको परिवेश प्रस्ट्याएका छन् । धेरैलाई बुझ्न सजिलो हुन्छ भनेर त्यो अन्तर्वार्ता अमिताभसँग हिन्दीमा गरेका रहेछन् । तर नेपाल टेलिभिजनको रिपोर्टरले हिन्दीमा प्रश्न सोध्न नमिल्ने भनी निर शाहले अत्तो थापेपछि आफ्नो प्रश्न अंग्रेजीमा रिसुट गर्नु पर्‍यो । यसैले गर्दा उक्त अन्तर्वार्ता राम्रो नभएको प्रस्टीकरण दिएका छन् । यो त शैली र प्रस्तुतिको कुरा भयो । उनले त्यस अन्तर्वार्ताको अन्तर्वस्तुबारे केही लेखेका छैनन् । अमिताभलाई सोधेको बोफोर्स काण्ड[१] र अभिनेत्री रेखासँगको प्रेम सम्बन्धबारेको कच्चा प्रश्न त्यस बेला विवादित बनेको थियो, जसबारे भने उनी मौन रहेका छन् ।

[१] सन् असीको दशकमा भारतमा राजीव गान्धी नेतृत्वको सरकारले स्वीडेनको बोफोर्स कम्पनीसँग हतियार किनेको र विक्रेताले भारतीय सरकारी उच्चस्तरीय कर्मचारी र काँग्रेस आइ पार्टीका सदस्यलाई करिब ६० करोड भारु घुस दिएको भनी चर्चा पाएको काण्ड हो यो । यसमा अमिताभको पनि संलग्नता भएको आरोप त्यति बेला लागेको थियो ।

## *विरोधाभास र असंगति*

विजय कुमारको लेखाइ र यसको प्रस्तुति शैली आकर्षक र रोचक हुँदाहुँदै पनि पुस्तकमा केही विरोधाभास र असंगति छन् । २०३८ सालमा बासुदेव मामाको घरमा पदम ठकुराठीलाई भेटेपछि आफ्नो संसार बदलिएको उनले बताएका छन् । उनी कामको खोजीमा थिए भने पदम ठकुराठी पत्रिका प्रकाशनको तयारीमा । प्रथम भेटमा भएको संवाद नाटकीय छ किनभने विजय कुमारले प्रस्तावित पत्रिकाको अन्तिम पृष्ठमा स्तम्भ लेख्ने प्रस्ताव गर्छन्, त्यो पनि स्तम्भको नामसहित । संयोगवश भेट भएका र पत्रकारिता सुरु गर्ने विचार मात्रै बनाएका तर तयारी गरिनसकेका ठकुराठीसँग केही लेख्दै नलेखेको ठिटोले आफ्नो स्तम्भको नाम र स्थानसहित प्रस्ताव गरेको सन्दर्भ अपत्यारिलो र अस्वाभाविक लाग्छ ।

उनको लेखाइ कतिपय स्थानमा विरोधाभासपूर्ण छ । पत्रकारितामा उनी नाम कमाउने लोभले आएका रहेछन्, यद्यपि कालान्तरमा पत्रकारिता 'स्वान्तः सुखाय'को माध्यम बन्यो । अरूले के भन्छन् भन्नेमा आफूलाई मतलव नभएको भनी बरोबर उल्लेख गरिरहन्छन् । तर अरूका गालीले मर्माहत भएको आशय पनि ठाउँठाउँमा व्यक्त भएको छ । पत्रकारिताको विद्यार्थीले उनलाई "म तपाईंजस्तो प्रसिद्ध कहिले हुन्छु" भनी प्रश्न गर्दा "कहिल्यै पनि हुन सक्दैनौ" भन्छन् । कारण प्रश्नकर्ताको आँखामा 'स्वान्तः सुखाय'को चाहना नदेखिनु खालि प्रसिद्धिको भोक हुनु थियो रे । तर उनी बिर्सन्छन्, सुरुआतमा त उनको पनि आकर्षणको केन्द्र त्यही प्रसिद्धिको भोक थियो भनेर ।

ज्ञानेन्द्र राजा भएको तीनचार सातामै अर्थात् २०५८ असारतिर विजय कुमारले उनलाई भेटेका थिए र कुराकानीका क्रममा राजासित पारस शाहको अनियन्त्रित मापसे बानी, अल्कोहलिज्म र त्यसको उपचार गर्न सकिने जानकारी गराएको भनी लेखेका छन् (पृ. २२८) । तर उनी आफै त्यस बेलासम्म अनियन्त्रित मदिरापानमा थिए । पुस्तकमा उल्लेख भएको तथ्यअनुसार उनले आफू अल्कोहलिक भनी स्वीकारेको, उपचारबारे जानकारी पाएको र थालेको २०५९ सालमा हो (पृ. १२०) । साथै, २०६१ जेठ २६ देखि आफूले मदिरा छोडेको बताएका छन् (पृ. १२२) । त्यसैले यो तथ्य पनि संगतिपूर्ण लाग्दैन ।

केही गम्भीर तथ्यगत त्रुटि पनि पुस्तकमा छ । जस्तो, उनले २०४७ सालमा दिवंगत भएका नारायण गोपाल २०४८ सालमा भएको उनको विहेभोजमा सरिक भएको सन्दर्भ छ । 'मै पल दो पलका सायर' भन्ने गीतका पंक्ति शाबिरका भए पनि उनले हरिवंश राय बच्चनको भनी उद्धृत गरेका छन् ।

### *आत्म प्रशंसा*

आफ्नो कदको उचाइ आफूले नापेको भन्दा अरूले नापेको राम्रो र सही हुन्छ भन्ने भनाइ छ । यद्यपि अचेल देखिएका आत्मकथा, संस्मरण ग्रन्थ एवं निजात्मक निबन्धको सँगालो भने मपाइँ महात्म्यका माध्यम बनेका छन् । *खुसी* पनि आत्म प्रवञ्चनाको ग्रन्थीले ग्रस्त छ ।

राजीव गान्धी र भारतको बहालवाला प्रधानमन्त्री चन्द्रशेखर लगायतकालाई उनले झैँ कसैले अन्तर्वार्ता गरेर देखाओस्, नेपालकै कलाकार गौरी मल्ल, रेखा थापा वा राजेश हमाललाई पनि उनले झैँ अन्तर्वार्ता गरेर देखाओस् भनेर दम्भ मिश्रित चुनौती दिएका छन् (पृ. २५७) । त्यतिमात्र होइन, *शनिबार विजयकुमारसित* नामक आफ्नो कार्यक्रम हाम्रो टेलिभिजन इतिहासको कोसेढुंगा हो भनी आफै घोषणा पनि गर्छन् ।

आफ्ना परिचित समकालीनमा ईर्ष्या गर्नुपर्ने पत्रकार कोही नभएको उनको दाबी छ (पृ. १६५) । आफ्नो बारेमा अरूले गरेको प्रशंसा टपक्क टिपेर पुस्तकमा राखेका छन् । उनलाई *कान्तिपुर*का एक पत्रकारले सोधे रे, "सर, टक सोको दुनियाँमा एकदेखि पाँच नम्बरसम्म तपाईं नै हुनुहुन्छ । यतिका वर्षदेखि । कारण के होला?" (पृ. २५३) । कुन पत्रकारले कस्तो परिप्रेक्ष्यमा भनेको हो भन्ने चाहिँ खुलाएका छैनन् । तत्कालीन दरबारका शाही पार्श्ववर्ती ताराबहादुर थापाले "... तपाईंजस्तै विश्वसनीय पत्रकारको आवश्यकता छ । एक यस्तो पत्रकार जसलाई दरबार, दल र जनताले विश्वास गर्न सकून्" (पृ. ८३) भनेको प्रशंसायुक्त भनाइ पनि पुस्तकमा उनले समेटेका छन् ।

मोहन गोपाल खेतानले उनलाई इमानदारीको प्रमाणपत्र दिन चाहेको एउटा प्रसंगलाई पनि उनले महत्त्वका साथ पुस्तकमा राखेका छन् । खेतानले भनेछन् :

> इमानदारीको सर्टिफिकेट । बाकयदा फ्रेम हालेर, दस्तखत गरेर, सहरभरिका ठूलाठाला, साला सबैलाई जम्मा गरेर, फाइभ स्टारमा पार्टी गरेर दिन्छु । मोहन खेतानले दस्तखत गरेर दिएको त्यो सर्टिफिकेटको महत्त्व गोरखा दक्षिणबाहुभन्दा धेरै हुनेछ । धेरैलाई पैसा ख्वाएको मोहन खेतानले दिएको इमानदारीको सर्टिफिकेट पो सर्टिफिकेट । हिलोलाई थाहा हुन्छ, कमलको महत्त्व (पृ. २७६) ।

'मैले चाहिँदैन भनेँ' भनेका छन् विजय कुमारले । यस्ता प्रसंग पुस्तकमा प्रशस्तै छन् । सर्सर्ती हेर्दा आत्मप्रशंसा जस्तो नदेखिए पनि यथार्थमा यो मपाइँत्वको फरक शैली हो ।

अर्काको पैसा सहज हिसाबले चलाएको र कतिपय अवस्थामा फिर्तासमेत दिन नपरेको सन्दर्भ उल्लेख गरेका छन् । जस-जसले उनलाई आर्थिक सहयोग गरे तिनले आत्मीयताका कारण त्यसो गरेका थिए । मिडियामा केही गरिदेला भन्ने आशले होइन । आत्मीयताकै कारणले मात्रै जोकोहीले यस्तो आर्थिक सहयोग धेरै जनाबाट पटक-पटक पाउन सम्भव छैन । उनी पत्रकार हुनाले यस्तो हुन सकेको अनुमान गर्न गाह्रो छैन ।

अन्तर्वार्ता गर्ने क्रममा अमिताभ बच्चनले आफ्ना मातापिताबारे बोलेको अंश कुनै दिन भारतीय सिने इतिहासको संग्रहालयमा दर्ज गराउने उनको योजना छ । अन्तर्वार्ताको त्यो अंशको लागि यथोचित सम्मान गर्न आफूलाई सञ्चारमाध्यमले तछाडमछाड अफर दिनेछन् भनी फुर्तिसमेत लगाएका छन् ।

उनले स्वीकारेको कमजोरी भनेको आफू अल्कोहलिज्मको शिकार भएको सन्दर्भ हो तर यसमा आफ्नै विगतको मानमर्दन गर्दै वर्तमानमा आफू महान् बनेको आशय प्रकट गरेका छन् । यौनका विषयमा विभिन्न पात्रलाई होच्याउँदै खिल्ली उडाएका छन् अनि आफूलाई आदर्श व्यक्तिका रूपमा उभ्याएका छन् ।

### *मसलादार प्रस्तुति*

यो पुस्तकलाई रोचक बनाउनका लागि उनले मसला मिसाएका छन् । उनको लेखाइमा अतिरञ्जनापूर्ण प्रस्तुतिको झलक पाइन्छ । जस्तै, उनकी ब्राजिलियन साथी मारिया उनलाई ज्यादै सुन्दर लाग्दो रहेछ । उनीसँग डिनरका लागि एभरेस्ट होटलको रेष्टुराँ पस्दा त्यहाँका सारा गेस्टको बोली बन्द भएको थियो र राम्री केटीसँग हिँड्न पाएकोमा उनीप्रति अन्य मान्छे ईर्ष्यालु भएको सम्म भनेका छन् (पृ. १५३) । अर्काको ईर्ष्यासमेत जान्ने विजय कुमारको अन्तर्यामी अवतार अन्य ठाउँमा पनि पाइन्छ । धनाढ्य मित्रले आफ्नो छोराको बिहे उसले मन पराएको केटीसँग नगरिदिएर अर्का धनाढ्य खानदानीसँग गरिदिएको घटनामा पनि उनी यस्तै सर्वव्यापी अन्तर्यामी शैलीमा देखा पर्छन् । बुहारी के सोच्छे, छोरो के सोचिरहेको छ, श्रीमती के सोच्दैछे, र त्यो धनाढ्य मित्र के सोच्दैछ भनेर अर्काको सोचाइसमेत लेख्न सकेका छन् । कुनै आख्यानजस्तो गरी कथा बुनेका छन् । सिद्धहस्त कथाकारको कथा जस्तो उनको यो लेखनीले पुस्तक रोचक त बनेको छ, तर अभिव्यक्त तथ्यको विश्वसनीयतालाई त्यसले चुनौती पनि दिएको छ ।

**अन्तमा,**

समग्रमा पुस्तक मैले अपेक्षा गरेभन्दा केही बेग्लै रहेछ । मैले यो पत्रकारिताकै सेरोफेरोमा केन्द्रित हुने अनुमान गरेको थिएँ । त्यति नभए पनि पत्रकारिताबारे अधिक विषय यसले उजागर गर्नेछ भन्ने लागेको थियो । तर उनले आध्यात्मबारे चिन्तन, जीवनको दर्शन र उपदेशको पुलिन्दा बनाएका रहेछन् पुस्तकलाई । अनि पैसा र यौनलाई मसलाको रूपमा छिराएका छन् ।

*नेपाल* म्यागजिनका संस्थापक सम्पादक, रेडियो कार्यक्रमका प्रस्तोतासँग तीबारे पनि रोचक अनुभव हुँदाहुन् । तर तिनको उल्लेख भएको छैन । उनले पत्रकारिताका चुनौती, क्रियाशील रिपोर्टरको दक्षता, टक शोको अनुसन्धान प्रक्रिया आदिबारे पनि कुरा उठाउलान् भन्ने अपेक्षा थियो । तर तिनको चर्चा पुस्तकमा छैन । यति हुँदाहुँदै पनि नेपाल टेलिभिजनबारे उनले गरेको बयान त्यसबारे जान्न चाहनेका लागि पढ्नै पर्ने खालको छ । आम रूपमा नेपाली पत्रकारिता र पत्रकारमाथि टिप्पणी पनि दमदार छ । यसर्थ नेपाली मिडियामा चासो राख्नेका लागि यस पुस्तकमा राम्रै खुराक मिल्छ । प्रस्तुतिमा भएको विविधता, वर्णनको रोचक शैली, कथा जस्तै बयान आदिले पुस्तक पढ्दा रमाइलो हुन्छ । त्यसैले उनको जीवनबारे जानकारी राख्न रूचाउनेका लागि पनि पुस्तक पठनीय छ ।

**शेखर पराजुली**
पोखरा